
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नेछ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ३० गते शनिबार ❑ 16 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## अर्थतन्त्र सुधारका लागि हाम्रा प्रयास पर्याप्त छैनन् : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, २९ साउन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्र सुधारका लागि अहिले भइरहेका प्रयास पर्याप्त नरहेको र तत्काल थप सुधारका काम नगरे अर्थतन्त्रमा गम्भीर सङ्कटको स्थिति देखिने बताउनुभएको छ।

नेपाल उद्योग परिसङ्घले शुक्रबार यहाँ आयोजना गरेको 'प्रेसिडेन्टस् ब्यान्क्वेट' कार्यक्रममा उहाँले बिग्रिएको अर्थतन्त्र लयमा फर्काउन सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत सुधारका प्रयास थालेको भए पनि त्यो पर्याप्त नरहेको र कार्यान्वनमा पनि लक्षित उपलब्धी हासिल हुन नसकेको बताउनुभयो।

"अर्थतन्त्रको सुधारका लागि हाम्रा प्रयास पर्याप्त छैनन् । यसलाई तत्काल सुधार गर्न सकिएन भने हामी गम्भीर सङ्कटमा जान्छौँ", उहाँले भन्नुभयो, "सरकारको पहिलो लक्ष्य आर्थिक रुपान्तरण हो । आर्थिक समृद्धि हासिल गर्नका सबैले आ-आफ्नो क्षेत्रबाट लाग्न सरकार निजीक्षेत्रलगायत सबै पक्षसँग आग्रह गर्दछ।"

आर्थिक विकासबाट मुलुकलाई समृद्ध हुँदै बलियो राष्ट्रको रूपमा अगाडि बढाउनुपर्ने अहिलेको आवश्यकता रहेको प्रधानमन्त्री दाहालले बताउनुभयो । निजी क्षेत्रको सहयोगमा औद्योगिकरण, उत्पादन वृद्धि, स्वदेशी वस्तु तथा सेवाहरूको गुणस्तर वृद्धि तथा निर्यात प्रवर्द्धन गर्दै अर्थतन्त्रको सवलीकरण हुने विश्वास सरकारले लिएको उहाँको भनाइ छ। निजी क्षेत्रको सहकार्यबाटै आर्थिक समृद्धि हासिल गर्न सकिने पनि उहाँले स्पष्ट पानुभयो। "निजी क्षेत्रसँगको सहकार्यबाट नै दीगो विकास हासिल गर्न सकिन्छ भन्नेमा म स्पष्ट छु। यसका लागि वर्तमान सरकार निजी क्षेत्रसँग प्रभावकारी रूपमा सहकार्य गर्दै आएको छ र आगामी दिनमा यसलाई थप प्रभावकारी बनाउँदै लगिनेछ", प्रधानमन्त्री दाहालले भन्नुभयो । अर्थतन्त्रको सुधारका लागि सरकार गम्भीर रहेको र सबैपक्षबाट त्यसमा योगदान आवश्यक रहने उहाँले बताउनुभयो। "अर्थतन्त्रलाई हामीले नै सुधार गर्नुपर्छ। यो काम सरकार एक्लैले गर्न सक्दैन। निजी क्षेत्रलाई समेत सहकार्य गर्न आग्रह गर्दछु", दाहालले भन्नुभयो, "सरकार निजी क्षेत्रको साथमा छ। अर्थतन्त्र सुधारका लागि सरकारले सकारात्मक हस्तक्षेप गरेको छ, गर्दछ। कत्ति पनि विचलित नभई अगाडि बढ्न म निजी क्षेत्रलाई आह्वान गर्दछु ।" सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत अर्थतन्त्रको सवलीकरणका लागि सुधारात्मक कदमहरूको सुरुआत गरेको पनि बताउनुभयो। कार्यक्रममा नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले अहिले बजार माग घटेको र समग्र अर्थतन्त्रमा मन्दीको अवस्था देखिएको बताउनुभयो । "उच्च ब्याजदर, नगद प्रवाहमा भएको समस्या, उत्पादनमा कमी, लगानीको योजना स्थगनजस्ता समस्या अर्थतन्त्रमा छन्", उहाँले भन्नुभयो, "समग्र बजार मागमा कमी आएको छ। सोही कारण अर्थतन्त्र मन्दीमा छ। निजी क्षेत्रको मनोबल घट्दो छ।" अवैध व्यापार स्वदेशी उद्योग र सरकारका लागिसमेत खतराको कारक बनिरहेको उहाँको भनाइ छ। "अवैध व्यापारका कारण एकातिर राज्यले राजस्व गुमाइरहेको छ भने अर्कोतिर स्वदेशी उद्योगहरू प्रभावित भइरहेका छन्। नक्कली तथा अवैध पैठारीलाई नियन्त्रण तथा निरुत्साहन गर्न आयातित मालवस्तुको प्याकेजिङमा आयातकर्ता र बजार वितरकको लेबल लगाएर मात्र बजारमा पठाउने व्यवस्था भए पनि त्यसको कार्यान्वयन हुन सकिरहेको छैन्", उहाँले भन्नुभयो । बजारमा देखिएको अहिलेकै अवस्था कायम रहने हो भने देशमा आर्थिक गतिहिनता गहिरिने र आर्थिक वृद्धिमा ठूलो सङ्कचन आउने पनि उहाँको भनाइ छ।

बजार माग बढाउन तथा आर्थिक गतिविधिमा वृद्धि ल्याउन सरकार र नेपाल राष्ट्र बैंकबाट वित्तीय तथा मौद्रिक प्रोत्साहनका लागि नीतिगत हस्तक्षेप गर्न जरुरी रहेको अग्रवालले बताउनुभयो । अहिले उपभोक्ताको क्रयशक्ति घटेको र उपभोगमा कमि आएको उहाँको भनाइ छ । सुधारका लागि तत्काल प्रभावकारी कदम नचाल्ने हो भने अर्थतन्त्र केही समयभित्रै चरम मन्दीको अवस्थामा जाने पनि उहाँले दावी गर्नुभयो । आर्थिक सुधारका लागि मौद्रिक, वित्तीय र संरचनात्मक नीतिहरूमा तत्काल सुधार आवश्यक रहेको अग्रवालले उल्लेख गर्नुभयो।

"केन्द्रीय बैंकले लगानीलाई प्रोत्साहन गर्न ब्याजदर घटाउने नीति लिनुपर्छ । वित्तीय प्रणालीमा रहेको तरलता बाहिर ल्याउने नीति अनुसरण गर्नुपर्ने आवश्कता छ", उहाँले भन्नुभयो, "वित्तीय नीतिमार्फत माग बढाउन पूर्वाधार परियोजनालगायत क्षेत्रमा सरकारी खर्च बढाउनुपर्छ। आर्थिक मन्दीका कारण धराशायी भएका उद्योगहरूलाई लक्षित आर्थिक सहायता, ऋण पुनर्तालिकिकरण, प्रदान गर्ने कार्यक्रम संचालन गर्नुपर्छ ।" संरचनात्मक सुधारतर्फ नियामक अवरोधहरू हटाउन आवश्यक रहेको पनि उहाँले बताउनुभयो । आर्थिक वृद्धिलाई प्रोत्साहन गर्न नवप्रवर्तन र उद्यमशीलता प्रोत्साहनसहित प्रतिस्पर्धी व्यवसाय वातावरण प्रबर्द्धन गर्न उहाँले प्रधानमन्त्रीसँग अनुरोध गर्नुभयो। अर्थतन्त्रमा सुधार ल्याउन सरकार राष्ट्र बैंक कठोर बन्नैपर्ने स्थिति आइसकेको धारणा अग्रवालले राख्नुभयो । "निजी क्षेत्रको लगानी विस्तार गर्न ब्याजदर घटाउन, समग्र बजार माग बढाउन चालुपुँजी कर्जा मार्गदर्श मा सुधार र पछिल्लो एकीकृत निर्देशन खारेजका लागि अनुरोध छ", उहाँले भन्नुभयो, "कर्जाको उत्पादनशील क्षेत्रमा विस्तार हुने नीति अबलम्बन गरिनु अपरिहार्य छ । सरकारको नीति आन्तरिक उत्पादनमुखी हुनुपर्छ, आयातलाई प्रोत्साहन गर्ने नीति हुनुहुँदैन।"

## एमालेले नेम्वाङको स्मृतिमा सातै प्रदेशमा कार्यक्रम गर्ने

**रासस**
काठमाडौं, २९ भदौं

नेकपा (एमाले)ले संविधानसभाका अध्यक्ष स्व सुवास नेम्वाङको स्मृतिमा आगामी असोज २ गते सातै प्रदेशमा विचार गोष्ठी आयोजना गर्ने भएको छ।

पार्टीका महासचिव शङ्कर पोखरेलको अध्यक्षतामा आज बसेको बैठकले उक्त निर्णय गरेको एमालेको केन्द्रीय प्रचार विभागले जनाएको छ। विचार गोष्ठी सबै प्रदेशमा 'नेपालको संविधान निर्माणमा सुवासचन्द्र नेम्वाङ' विषयमा हुनेछ भने विभिन्न राजनीतिक दलका नेतालाई अतिथि वक्ताका रूपमा आमन्त्रण गरिने छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले तुल्सीलाल स्मृति प्रतिष्ठान च्यासल, ललितपुरमा आयोजना गरिने विचार गोष्ठीलाई सम्बोधन गर्नुहुने कार्यक्रम छ भने अन्य छ प्रदेशमा हुने विचार गोष्ठीमा पार्टीका उपाध्यक्ष जानुहुने छ । जसअनुसार, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल मधेस प्रदेशको जनकपुरमा हुने विचार गोष्ठीमा प्रमुख वक्ताका रूपमा जानुहुने छ । कोशी प्रदेशको इलाममा उपाध्यक्ष रामबहादुर थापा, लुम्बिनी प्रदेशमा उपाध्यक्ष युवराज ज्ञवाली, गण्डकी प्रदेशमा उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, सुदूरपश्चिम प्रदेशमा उपाध्यक्ष विष्णुप्रसाद पौडेल र कर्णाली प्रदेशमा उपाध्यक्ष सुरेन्द्र पाण्डे प्रमुख वक्ताका रूपमा जानुहुने भएको छ। सबै प्रदेशमा हुने विचार गोष्ठीमा विभिन्न राजनीतिक दललाई समेत आमन्त्रण गर्ने निर्णय भएको कार्यालय सचिव डा भीष्मनाथ अधिकारीले वताउनुभयो।

## सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन आयोग बनाउने

**रासस**
काठमाडौं, २९ भदौं

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिँदै गर्दा अवैधरूपमा सुन तस्करी भएको विषयमा उच्चस्तरीय छानबिन आयोग बनाउने प्रक्रिया अगाडि बढेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा संसद्को रुलिङका सम्बन्धमा धारणा राख्दै उहाँले दलहरूबीच यसअघि भएको सहमतिअनुसार उच्चस्तरीय आयोग बनाउने प्रक्रिया अगाडि बढेको जानकारी दिनुभयो।

"अवैध सुन तस्करीका सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले अनुसन्धान पूरा गरी प्रतिवेदन बुझाइसकेको छ । सहमतिअनुसार आयोग बनाउने प्रक्रिया बढेको छ", उहाँले भन्नुभयो। प्रधानमन्त्री दाहालले नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि भएको साङ्घातिक हमलालाई सरकारले गम्भीर रूपमा लिएको जनाउँदै आक्रमणकारीलाई प्रचलित कानुनअनुसार कारबाही गरिने बताउनुभयो । "यसप्रकारका आक्रमणका घटना दोहोरिन नदिन र शान्ति सुव्यवस्था मिलाउन सरकार दृढ र प्रतिबद्ध छ", उहाँले भन्नुभयो। प्रधानमन्त्री दाहालले कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा समयमै उपचार नपाएर बालिकाको मृत्यु भएको घटनामा दोषी देखिएमा कारबाहीको दायरामा ल्याइने बताउनुभयो । उहाँले आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन थप कदम चालिने विश्वास दिलाउनुभयो।

यही भदौ १८ गते बेलुकी उपचारका लागि पुगेकी मकवानपुर स्थायी ठेगाना भई हाल काठमाडौँको बाफल बस्ने पाँच वर्षीय बालिका रेजिसा गोपालीको आकस्मिक कक्षमा समयमै उपचार नपाएर मृत्यु भएको थियो। घटना सार्वजनिक भएलगत्तै अस्पतालबाट पाँच दिनको समयावधि प्रदान गरी तीन सदस्यीय छानबिन समिति गठन गरिएकामा समितिले आफ्नो प्रतिवेदन बुझाइसकेको उहाँले सदनलाई जानकारी गराउनुभयो।

## ज्युँदा सहीद रेग्मीलाई विपी स्मृति पुस्तकालयद्वारा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन


ज्युँदा सहीदका रुपमा परिचित स्याङ्जा जिल्लाका खगेन्द्र रेग्मीलाई विपी स्मृति पुस्तकालय गण्डकी प्रदेशले सम्मान गरेको छ।



लामो समयदेखि विपी सिद्धान्तलाई आत्मसात गर्दै प्रजातन्त्रका पक्षमा काम गरेका रेग्मी स्वास्थ्य अवस्थाका कारण यही भदौ २४ गते विपी जयन्तीका अवसरमा गरिएको सम्मान कार्यक्रममा उपस्थित हुन नसकेपछि उहाँ हाल रहेकै स्थानमा पुगी सम्मान गरिएको हो। रेग्मी हाल स्वास्थ्यलाभका लागि भरतपुरस्थित पारसनगरमा आफन्त विश्वराज पौडेलको निवासमा आराम गरिरहनुभएको छ । उहाँलाई २५ हजार रुपैयाँ नगद, सम्मानपत्र, दोसल्ला, रुद्राक्षको माला एवम् शालिग्राम प्रदान गरी सम्मान गरिएको हो । सम्मान कार्यक्रममा गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले आफुले रेग्मीको हरेक सुखदुःखमा साथ दिएको र उहाँले पनि आफ्ना हरेक सुखदुःखमा साथ दिएको अनुभव व्यक्त गर्नुभयो । टोल टोलमा पुगी जनताको जीवनमा परिवर्तन ल्याउन रेग्मीले महत्वपूर्ण योगदान दिनुभएको उल्लेख गर्दै उहाँले प्रजातन्त्रको पक्षमा अहोरात्र खटेर काम गर्नुभएको र कहिल्यै विश्राम नलिनुभएको जानकारी गराउनुभयो । रेग्मीलाई जतिसुकै अप्ठेरो परिस्थितिमा श्रीमतीले साथ दिनुभएको उहाँले स्मरण गर्नुभयो । वर्तमान अवस्थामा नेपाली काँग्रेस र प्रजातन्त्र दुवै संकटमा पुगेको उल्लेख गर्दै उहाँले रेग्मीको पुनः एकपटक योगदान चाहिएको बताउनुभयो।

लामो समयदेखि पार्टीमा लागेका, प्रजातन्त्रका पक्षमा लडेका परिवारलाई नेतृत्वमा पुऱ्याउन सकेमा प्रजातन्त्रको भविष्य अझ सुन्दर बन्ने उहाँले आशा व्यक्त गर्नुभयो । नेपाली काँग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णु लामिछानेले नेपालको प्रजातान्त्रिक आन्दोलनमा रेग्मीले पुर्याएको योगदान भावी पुस्तका लागि प्रेरणादायी भएको बताउनुभयो । प्रतिनिधि सभा सदस्य राजु थापाले रेग्मीको जीवनी र व्यक्तित्व बारे प्रकाश पार्दै स्याङ्जाको इतिहासमा ज्युदा सहीद रेग्मीले जिल्लामा तीन कार्यकाल पार्टीको नेतृत्वमा रहेर काम गर्नुभएको स्मरण गर्नुभयो । प्रतिवन्धित अवस्थामा पनि नेपाली काँग्रेसलाई क्रियाशील बनाउन निरन्तर लाग्नुभएको बताउँदै उहाँले द्वन्द्वको समयमा सशस्त्र माओवादीबाट गोली चली घाइते भएका रेग्मी एउटा सानो प्रयासबाट हामी माझ रहनुभएको उल्लेख गर्नुभयो।

विपीबाट प्रशिक्षित रेग्मीले प्रतिवन्धको कुनै वास्ता नगरी बनारस पुगेर विपीलाई भेटी पुन गाउँमा नै आई घरघर पुगी संगठनलाई मजबुद बनाउन दिनरात नभनी खटेको स्मरण गर्नुभयो। विपी स्मृति पुस्तकालय गण्डकी प्रदेशका अध्यक्ष माधव प्रसाद बाँस्तोला (मधु)ले गण्डकी प्रदेश भित्र छरिएर रहेका प्रजातन्त्रका सेनानीहरु मध्ये प्रत्येक जिल्लाका एक एक जना गरी ११ जना व्यक्तित्व छनौट गरिएको बताउनुभयो । योगदान गरेको व्यक्तिको भविष्यमा एउटा ऐतिहासिक दस्तावेज होस् भन्दै कोष खडा गरी सम्मान गर्ने प्रक्रिया थालिएको उहाँले बताउनुभयो । नेपाली काँग्रेस गण्डकी प्रदेशका सदस्य एवम् प्रचारप्रसार विभाग उपप्रमुख तथा पुस्तकालका कोषाध्यक्ष शिरोमणि यसलाई आगामी दिनमायस किसिमका गतिविधिलाई निरन्तरता दिइने उहाँले बताउनुभयो । पुस्तकालयलाई विपीको सिद्धान्तलाई तालिम, प्रशिक्षण दिने स्थलका साथै अध्ययन अनुसन्धानको केन्द्र समेत बनाइने उहाँले बताउनुभयो । पुस्तकालयका अध्यक्ष माधवप्रसाद बास्तोला(मधु) को अध्यक्षता एवम् नेपाली काँग्रेस गण्डकी प्रदेश प्रचारप्रसार विभाग उपप्रमुख शिरोमणि बरालले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वास्थ्य तथा कृषि उद्यमी खुमा अर्याल, नेपाली काँग्रेस गण्डकी प्रदेश सदस्य कुमबहादुर गुरुङ, नेपाली काँग्रेस गण्डकी प्रदेशका मुख्य सचिव पदम श्रेष्ठ, स्याङ्जाका उपसभापति केदार काफ्ले, मिर्मिरे नगरपालिकाका उपसभापति लक्ष्मण अधिकारी, नेपाली काग्रेस गण्डकी प्रदेश प्रतिनिधि टंकप्रसाद बास्तोला, नेपाली काँग्रेस चितवन पारसनगरका नेता विश्वराज पौडेल लगायतको उपस्थिति थियो।



# लामाचौर कप राष्ट्रिय महिला तथा पुरुष भलिबल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

लामाचौर कप राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ। नवआदर्श सामुदायिक विकास समाज (नाकोड्स) को आयोजनामा भएको भलिबल प्रतियोगिताको पहिलो दिन चार खेल सम्पन्न भएको छ।

संस्थाको २७औं बार्षिकोत्सव एवं २५ औ संस्करणको लामाचौर तीज महोत्सवको सन्दर्भमा भएको पुरुषतर्फको खेलमा गण्डकीले गल्कोट स्पोर्टस क्लवलाई ३-१ को सेटमा हराउन सफल भयो। इन्द्र राज्य लक्ष्मी मा.विको खेल मैदानमा सुरु खेलमा गण्डकीले पहिलो सेट २५-२१ र दोश्रो सेट २६-२४ आफ्नो पक्षमा पारेपनि तेस्रो सेट २४-२६ ले गुमाउन पुग्यो। चौथो सेटमा २५-१९ को जित निकाल्यो।

यस्तै दोस्रो खेलमा नेपाल पुलिसले मणिमुकुन्द भलिबल क्लबलाई ३-१ को सेटमा हरायो। नेपाल पुलिस क्लबले पुनरागमन जित निकाल्यो पहिलो सेट १६-२५ ले गुमाएको पुलिसले दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पाऱ्यो। तेस्रो सेट २५-१९ र चौथो सेट २५-२२ ले आफ्नो पक्षमा पार्दै जित हासिल गरेको हो। पुलिसले तीन अंक जोडेको छ। प्रतियोगिताको तेस्रो खेलमा एपिएफले गल्कोटलाई सोझो सेटमा पाखा लगायो। एपिएफले २५-२३, २५-२३ र २५-१८ को सेटमा सहजै हरायो। एपिएफको तीन अंक रहँदा गल्कोट अंक विहिन हुँदै तालिकाको पुछारमा छ। अत्यन्तै प्रतिस्पर्धात्मक बनेको गण्डकी र मणिमुकुन्द बीचको चौथो खेल ३-२ ले मणिमुकुन्दको पक्षमा रह्यो। पहिलो सेट गण्डकीले २५-२० ले आफ्नो पक्षमा पाऱ्यो। दोस्रो सेट २१-२५ ले गुमाएको गण्डकीले तेस्रो सेट पनि १७-२५ ले गुमायो। चौथो सेट २५-१७ ले गण्डकीको पक्षमा रह्यो। पाँचौ सेटमा मणिमुकुन्दले १५-१२ ले आफ्नो पक्षमा पार्दै पहिलो जित निकाल्यो। यो संगै गण्डकीको चार अंक रहेको छ भने मणिमुकुन्दले दुई अंक जोडेको छ। पहिलो दिन पाँच खेल हुने भनिएपनि एपिएफ र पुलिस बीचको खेल हुन सकेन। खेलमा प्रकाश नपुग्ने भएपछि खेल नभएको र शनिबार विहान हुने अफिसियलले जानकारी दिएको छ। शनिबार सात खेल हुनेछन्। प्रतियोगिता राउन्ड रोविन लिगको आधारमा खेलाइएको छ।



प्रतियोगितामा महिलातर्फ ४ नेपाल पुलिस क्लव र शसस्त्र प्रहरीको एपिएफ क्लव, न्यू डायमण्ड क्लव तथा एभरेष्ट भलिबल क्लव बुटवलले सहभागिता छ। त्यसै गरि पुरुषतर्फ गण्डकी प्रदेश, विभागिय टोली नेपाल पुलिस क्लव र शसस्त्र प्रहरीको एपिएफ क्लव, मणिमुकुन्द क्लव बुटवल गरि पाँच टिमको सहभागिता छ। लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगितामा महिला र पुरुषतर्फ उपाधि विजेता, उपविजेता र तृतिय हुने टिमले क्रमशः नगद रु १ लाख ५० हजार १ सय ११, १ लाख १ सय ११ र ५० हजार १ सय ११ रुपैयाँका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

मौलिक सस्कृतिको जर्गेना गरौ भन्ने उद्घोषका साथ नव आर्दश सामुदायिक विकास समाज लामाचौर पोखराले संस्थाको २७औं बार्षिकोत्सव समारोह एवं २५ औ संस्करपाको लामाचौर तीज महोत्सव २०८० शनिबार बाट सुरु हुँदैछ। संस्था स्थापना वर्ष २०५४ साल देखि नै निरन्तर सञ्चालन गर्दै आएको लामाचौर तीज महोत्सव यस वर्ष महिलाहरुको महान पर्व हरितालीका तीजका अवसरमा भाद्र ३०, ३१ र असोज १ गते महोत्सव संचालन हुनेछ।

महोत्सवमा अन्तर महिला समुह तीज गीत प्रतियोगिता र अन्तर विद्यालय स्तरिय लोक नृत्य प्रतियोगिता समेत हुनेछ। महोत्सवमा ख्याति प्राप्त लोकदोहोरी कलाकार चिज गुरुङ, लक्ष्मी मल्ल, दिपक खड्का, चोलेन्द्र पौडेल, राम्जी पौडेल, ज्योति लोहनी, लक्ष्मी बानियाँ, सरस्वती लामिछाने, मधु थापा लगायतका कलाकार हरुको विशेष प्रस्तुती रहने छ। भने महोत्सवमा औधोगिक तथा व्यापार प्रदर्शनीका स्टलहरुको साथमा भाद्र ३० र ३१ गते पोखरा मणिपाल हस्पिटलको सहकार्यमा हेल्थ क्याम्पको सुविधा समेत रहने छ।

तीज गीत प्रतियोगिता तर्फ प्रथम हुनेले ५० हजार १ सय ११, दोस्रो हुनेले ३० हजार १ सय ११, तेस्रोले २० हजार १ सय ११ र सान्वना हुने टिमले १० हजार १ सय ११रुपैयाँ प्राप्त गर्नेछन्। सहभागि टिमहरुलाई प्रोत्साहन स्वरुप नगद २ हजार रुपैयाँ प्रदान गरिनेछ। अन्तर विद्यालय स्तरिय लोक नृत्य प्रतियोगिता अन्तरर्गत प्रथम हुनेले ४० हजार १ सय ११, दोस्रो हुनेले २५ हजार १ सय ११, तेस्रो हुनेले १५ हजार १ सय ११ र सान्त्वना हुने तीन टिमलाई ५ हजार १ सय ११ रुपैयाँ प्रदान गरिनेछ। उत्कृष्ट भेषभुषालाई ५ हजार १ सय ११ रुपैयाँ प्रदान गरिने सूचना तथा सञ्चार उपसमिति संयोजक तथा संस्थाका प्रथम उपाध्यक्ष दिनेश भण्डारीले जानकारी दिए।

# सहारा क्लबको रंक्तदान कार्यक्रमबाट ३१ यूनिट रंक्त संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं

सहारा क्लवले शुक्रबार पोखरामा आयोजना गरेको बृहत खुल्ला रंक्तदान कार्यक्रमबाट ३१ यूनिट रंक्त संकलन भएको छ। क्लवको बार्षिकोत्सवको अवसरमा आयोजित उक्त रंक्तदान कार्यक्रममा ३१ जनाले रंक्तदान गरेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो।

उक्त कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले क्लवले खेलकुद र सामाजिक क्षेत्रमा पुराएको योगदानको प्रशंसा गर्नु भयो। उहाँले पहिलो रंक्तदाता नविन स्काई रिमाललाई व्लड व्याग हस्तान्तरण गर्नु भएको थियो। क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) को अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा पूर्व अध्यक्षहरु बिक्रम थकाली, विरभद्र आचार्य, केशव थापा, सल्लाहकार मुछेत्र गुरुङ, शम्भु कार्की, दिपेन्द्र श्रेष्ठ, सहारा हङकङका अध्यक्ष दीपक गुरुङ, क्लवका मानार्थ सदस्य लोक बहादुर गुरुङ, पृथ्वी राजमार्ग बस संचालक कम्पनीका प्रबन्ध निर्देशक ज्ञान बहादुर कोइराला, कार्यक्रम संयोजक विनु रानामगर लगायतले सहभागि रंक्तदातालाई प्रमाणपत्र वितरण गर्नु भएको थियो।



क्लवको २५ औं बर्षगाँठको अवसरमा शनिबार एक समारोहका बिच विभिन्न कार्यक्रम हुने भएको क्लवका बरिष्ठ उपाध्यक्ष केशवराज बरालले बताउनु भयो। यस बर्ष सहारा उत्कृष्ट सदस्यबाट धर्मेन्द्र बराल सम्मानित हुनु हुने भएको छ। उहाँ विगत एक दशक देखि क्लवमा आबद्ध हुनुहुन्छ। क्लवले विगतका बर्ष देखि उत्कृष्ट सदस्य सम्मानबाट एक जना क्लवका सदस्यलाई सम्मान गर्दै आएको छ।

यसैबिच, शनिबार पोखरा १७ दोभिल्लामा हुने समारोहमा विभिन्न क्षेत्रमा योगदान पुराएका केही व्यक्तिहरुलाई सम्मान देखि सहारा खेलकुद पत्रकारिता पुरस्कार अर्पण समेत हुने भएको छ। यस बर्ष फोटो पत्रकार उमेश पुन उक्त पुरस्कारबाट पुरस्कृत हुनु हुने भएको हो।

# एसियाली खेलका लागि क्रिकेट टोलीको नाम सार्वजनिक

**रासस**
काठमाडौं, २९ भदौं

आगामी असोज ६ गतेदेखि चीनको हाङझावमा सुरु हुने १९औं एसियाली खेलकुद प्रतियोगितामा सहभागिता जनाउने नेपाली राष्ट्रिय क्रिकेट टोलीको नाम शुक्रबार सार्वजनिक गरिएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले १५ सदस्यीय नेपाली क्रिकेट टोलीको नाम सार्वजनिक गरेको हो।

छनोट हुने नेपाली टोलीको कप्तानमा रोहित पौडेल रहेका छन्। त्यस्तै अन्य सदस्यमा करण केसी, प्रतिश जिसी, आसिफ शेख, कुशल मल्ल, गुल्सन झा, सोमपाल कामी, सन्दीप जोरा, विनोद भण्डारी, कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरी छन्।

त्यसैगरी ललित राजवंशी, विवेककुमार यादव, अभिनाश बोहरा र सन्दीप लामिछाने पनि टोलीमा अटाएका छन्। एसियाली खेलकुदअन्तर्गत क्रिकेट खेलमा नेपाल समूह 'ए' मा परेको छ। नेपालको समूहमा माल्दिभ्स र मङ्गोलिया रहेका छन्। यसपटकको एसियाली खेलकुद प्रतियोगितामा नेपालले विभिन्न २९ खेलमा सहभागिता जनाउँदैछ।

नेपालबाट कूल दुई सय ५३ खेलाडीले प्रतिस्पर्धा गर्ने उक्त प्रतियोगितामा एक सय २७ महिला र एक सय २६ पुरुष खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। एसियाली खेलकुद प्रतियोगिता आगामी असोज २१ गतेसम्म चल्नेछ।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**रासस**
काठमाडौं, २९ भदौं

नेपाल आयल निमगले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। निगमले शुक्रबार रातिदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर रु १ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर रु ३ वृद्धि गरेको हो।

मूल्य समायोजनसँगै काठमाडौं पोखरा र दिपायल क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ८३ र डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर रु एक सय ७३, सुर्खेत र दाङमा पेट्रोल प्रतिलिटर रु एक सय ७२ र डिजेल/मट्टितेल प्रतिलिटर रु एक सय ७२ तथा चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगन्जमा पेट्रोल प्रतिलिटर एक सय ८० रुपैयाँ ५० पैसा र डिजेल/मट्टितेल प्रतिलिटर एक सय ७० रुपैयाँ ५० पैसा तोकिएको छ।

# एमाले गण्डकीको अधिबेशनमा पचास हजार कार्यकर्ता उतार्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं

नेकपा एमाले गण्डकी प्रदेश कमिटीले पहिलो अधिबेशनको उद्घाटन समारोहमा पचास हजार कार्यकर्ता पोखरा उतार्ने भएको छ।

आगामी असोज १५-१६ पोखरामा हुन गईरहेको नेकपा (एमाले) गण्डकीको प्रथम प्रदेश अधिवेशनको तयारीको सन्दर्भमा जन परिचालन उपसमितिको बैठकद्धारा निर्णय गरिएको उप सचिब एवम् प्रचार तथा प्रकाशन बिभाग प्रमुख रश्मि आचार्यले जानकारी दिए।



अधिवेशनको उद्धाटन पार्टी अध्यक्ष के.पि ओलीले अमरसिंह चौरमा गर्ने कार्यक्रम तय भएको आचार्यले उल्लेख गरे। पार्टी स्थायी कमिटी सदस्य खगराज अधिकारिले अधिबेशन भब्य बनाउन सम्पूर्ण जन संगठन सहित पार्टी पंक्ति प्रभाबकारी ढंगले लागि पर्न आग्रह गरे।

पार्टी स्थायी कमिटी सदस्य थममाया थापाको अध्यक्षतामा सप्पन्न उप समितिको बैठकले असोज १५ गते हुने उद्धाटन सभामा ५० हजार जना कार्यकर्ता उपस्थिति गराउने तयारीको लागि पालिका, बडा, टोल र जनसंगठनका बैठकको मिति तय गर्ने देखि घरदैलो सम्मको योजना बनाएको पार्टी प्रदेश प्रचार तथा प्रकाशन बिभाग सदस्य रामजी प्रसादले जानकारी दिए।


## भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

◆ वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
◆ घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
◆ नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
◆ जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
◆ भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# यातायात कार्यालय जान पटके शुल्क

– रामबहादुर थापा र सन्तोष गौतम
पोखरा, २९ भदौं (रासस)

गोरखा, बागलुङ, म्याग्दीलगायत जिल्लाबाट दैनिक सयौँ ट्याक्सी प्रदेश राजधानी पोखरा आवत जावत गर्छन् । हरेकदिन अस्थायी रुट इजाजत (पटके) लिएर ट्याक्सी गुडाउनुपर्ने चालकको बाध्यता छ।

ट्याक्सीलाई दुई जिल्ला मात्र चल्ने अनुमति छ । तेस्रो जिल्ला छिर्दा प्रतिकिमि रु दुईका दरले पटके शुल्क तिनुपर्छ । यातायात कार्यालयको सेवा लिनसमेत पटके काटेर जानुपर्ने अवस्था रहेको म्याग्दीको बेनी यातायात प्रालिका अध्यक्ष कुमार थापाले बताउनुभयो । धौलागिरि क्षेत्रका चार जिल्लालाई सेवा दिने गरी बागलुङमा यातायात व्यवस्था कार्यालय छ।

म्याग्दीका अधिकांश ट्याक्सीको स्थायी रुट इजाजत पर्वतसम्मका लागि मात्र छ । म्याग्दीबाट पोखराका लागि छुट्ने ट्याक्सी पर्वत हुँदै गुड्छन् । बागलुङबाट पोखरा जाँदा पनि पर्वत हुँदै जानुपर्छ।

"दुई जिल्लामा मात्र रुट परमिट सीमित गर्दा हामीलाई ठूलो समस्या छ, कम्तीमा प्रदेश राजधानीसम्म स्थायी रुट परमिट दिनुपर्छ", उहाँले भन्नुभयो, "यातायात कार्यालयको सेवा लिन जाँदा पनि पटके काट्नुपर्ने बिडम्वनापूर्ण अवस्था छ।"

विसं २०७४ देखि ट्याक्सीलाई दुई जिल्लाको मात्र रुट इजाजतपत्र दिन थालिएपछि ट्याक्सी व्यवसायी समस्यामा परेका हुन् । म्याग्दीको बेनी नगरपालिका-९ का वीरेन्द्र चोखालले १० वर्षदेखि बेनी-पोखरा ट्याक्सी चलाउँदै आउनुभएको छ ।उहाँको ट्याक्सीलाई म्याग्दी र पर्वतमा मात्र चल्ने अनुमति छ । चोखालले प्रदेश राजधानी रहेको कास्कीको सडक प्रयोग गर्न हरेक पटक अस्थायी रुट इजाजत लिनुपर्छ । आधा घण्टामा पुगिने बागलुङस्थित यातायात व्यवस्था कार्यालय जाँदा पनि अस्थायी रुट इजाजत लिनुपर्ने बाध्यता छ।

"बेनीदेखि पोखरासम्म चल्न पाउने गरी ट्याक्सी दर्ता गरेको हो, पछि ट्याक्सीको रुट परमिटलाई दुई जिल्लामा सीमित बनाउने नीतिका कारण झन्झट भएको छ", उहाँले भन्नुभयो, "बेनीदेखि पोखरा जाने अधिकांश ट्याक्सीले बिरामीलाई सेवा दिइरहेका हुन्छन्, कहिले आकस्मिक रूपमा राताराति हिँड्नुपर्ने हुन्छ ।" बिदाका दिन र कार्यालयबाहेकको समयमा अस्थायी रुट इजाजतपत्र दिने कर्मचारी नहुने, यात्रु बोकेर कर्मचारी खोज्न र कार्यालय जाँदा ढिला भएर यात्रु समयमा गन्तव्यमा पुऱ्याउन नसक्ने गण्डकी प्रदेशका सबै ट्याक्सी चालकको साझा समस्या हो । बिरामी र छिटो गन्तव्यमा पुग्नुपर्ने यात्रु तथा पर्यटकले पोखरा आउजाउ गर्न ट्याक्सी प्रयोग गर्छन् । ट्याक्सी व्यवसायी अङ्कित थापाले अस्थायी रुट इजाजत लिन कर्मचारी खोज्दा र कार्यालय पुग्दा बिरामीलाई अस्पताल पुऱ्याउनै ढिलो हुने गरेको सुनाउनुभयो । "ट्याक्सी सेवा लिने धेरै यात्रु आकस्मिक काम परेका र बिरामी नै हुने गर्छन", उहाँले भन्नुभयो, "एक पटकलाई मात्र जारी हुने पटके लिन राति र कार्यालय नखुलेको समयमा अप्ठेरो पर्ने गरेको छ ।" पोखरा पुग्न अर्को जिल्लाको सडक प्रयोग गर्ने गोरखा, लमजुङ, मुस्ताङ, म्याग्दी, नवलपुर, मनाङ र बागलुङ जिल्लाका ट्याक्सी व्यवसायीले दुई जिल्लामा मात्र स्थायी रुट इजाजत दिने व्यवस्था हटाउनुपर्ने माग गर्दै आएका छन् । गोरखा मनकामना यातायात सेवा प्रालिका अध्यक्ष सुरेन लामिछानेले प्रदेशभरि स्थायी रुट इजाजत जारी गर्नुपर्ने बताउनुभयो । "गोरखाबाट पोखरा आउँदा पनि पटके काट्नुपर्ने, कर तिर्नुपर्ने बाध्यता छ, यसको अन्त्यका लागि प्रदेशका सबै जिल्लामा निर्वाध चल्न पाउने गरी रुट परमिट खुला गर्नुपर्छ", उहाँले भन्नुभयो, "बिरामी बोकेर छिटोभन्दा छिटो पोखरा जानुपर्ने अवस्थामा पटके लिन उल्टोबाटो फर्केर सदरमुकाम जानुपर्ने बाध्यता छ ।" भौगोलिक अवस्थिति, सडकको स्तर र "ट्याक्सी सेवाको आवश्यकता दृष्टिले प्रदेशभर एउटै रुट परमिट जारी गर्नुपर्ने उहाँको भनाइ छ । "राज्यले तोकेको कर वार्षिक एकमुष्ठ तिरेर कम्तीमा आफ्नो प्रदेशभित्र निर्बाध रूपमा "ट्याक्सी चल्ने व्यवस्था गर्नुपर्छ", अध्यक्ष लामिछानेले भन्नुभयो, "ट्याक्सी कहाँ कसरी चलाउने भन्ने विषय व्यवसायी मिलेर तय गर्न सकिन्छ।"

यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख पारसिँह थापाले पहिले धवलागिरि क्षेत्रका चार जिल्लामा चल्ने "ट्याक्सीलाई एउटै रुट परमिट जारी गरिएकामा पछिल्लो कार्यविधिले दुई जिल्ला मात्र तोकेको बताउनुभयो । "दुई जिल्ला मात्र बनाउँदा "ट्याक्सी व्यवसायीलाई व्यवहारिक समस्या र झण्झट निम्तिएको छ", उहाँले भन्नुभयो, "यातायात कार्यालयको सेवा लिन आउँदा पनि पटके काट् नुपर्ने अवस्था छ, यसमा पुर्नविचार गर्नुपर्ने अवस्था देखिन्छ।"

पटके लिन पनि यातायात कार्यालय आउनुपर्ने बाध्यता भएपछि अहिले जिल्लास्थित पूर्वाधार विकास कार्यालयबाट सो को प्रबन्ध गरिएको प्रमुख थापाले उल्लेख गर्नुभयो । अस्थायी रुट इजाजतसम्बन्धी सेवाका लागि छुट्टै कर्मचारी र स्रोत अभाव रहेकाले सेवा पनि प्रभावित हुँदै आएको जनाइएको छ।

पूर्वाधार कार्यालयले बिदा र रातको समयमा पनि फोन सम्पर्कका आधारमा अस्थायी रुट इजाजत दिने गरेका छन् । प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका प्रशासन तथा यातायात व्यवस्थापन महाशाखा प्रमुख टीकाराम पौडेलले "ट्याक्सी, जीपलगायतका साना सवारीसाधनलाई प्रदेशभरिको रुट इजाजत दिने गरी कार्यविधि संशोधन गर्न लागिएको बताउनुभयो । "कार्यविधि र नियमावली संशोधनका लागि कार्यदल बनाएर आवश्यक गृहकार्य अगाडि बढाइएको छ, नीतिगत तहमा पनि छलफल भइरहेको छ", उहाँले भन्नुभयो, "सकेसम्म दसैँअगावै "ट्याक्सी र जीपका लागि प्रदेशभर रुट इजाजत खुला गर्छौं ।"

रुट इजाजतको विषयमा "ट्याक्सी व्यवसायीबाट बढी गुनासो उठिरहेको भन्दै उहाँले समस्या समाधानका लागि पहल थालिएको बताउनुभयो । "यो सवारी ऐन नै रोकेको विषय होइन, मन्त्रीस्तरीय निर्णयबाट कार्यविधि र नियमावलीमा सामान्य संशोधन गरेमात्र पुग्छ", उहाँले भन्नुभयो, "यातायात व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई छ ।"

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले प्रदेशभर "ट्याक्सीको रुट इजाजत खुला गर्न व्यवसायी र सरोकार भएका पक्षसँग पटक-पटक छलफल गरिएको बताउनुभयो । "दुई जिल्ला रुट इजाजतले ट्याक्सी व्यवसायीले झेलिरहेको समस्या समाधानका लागि हामी लागिपरेका छौँ", उहाँले भन्नुभयो, "नीति, नियममा आवश्यक सुधार गरेर यसलाई सहज बनाउँछौँ ।"

# दरौँदीमा नौ मेगावाटको जलविद्युत आयोजना निर्माण हुने

पोखरापत्र संवाददाता
गोरखा, २९ भदौं

गोरखा नगरपालिका-१३ दरौंदी नदीमा अर्धजलासययुक्त जलविद्युत् आयोजना निर्माण हुने भएको छ । रु दुई अर्ब १९ करोड ९५ लाखको लागतमा उक्त आयोजना निर्माण हुन लागेको हो।

मनकामना दरौँदी हाइड्रोपावर कम्पनी लिमिटेडको प्रवर्द्धनमा दरौँदी नदीमा नौ दशमलव ८४ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गर्न लागिएको कम्पनीका अध्यक्ष डा डम्बरबहादुर नेपालीले जानकारी दिनुभयो । आयोजना निर्माण गर्दा कुल लगानीको ७० प्रतिशत ऋणबाट लगानी गर्ने र बाँकी स्वपुँजीअन्तर्गतको लगानी रहने उहाँले बताउनुभयो। "सिमलगैरामा विद्युत्गृह रहने गरी दरौँदी नदीमा जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो", उहाँले भन्नुभयो, "दरौँदी नदीमा बाँध बाँधेर कर्मीसिं फाँटको रातडाँडामा बाँध रहने गरी आयोजना निर्माण हुनेछ ।" गोरखा-१२, १३ र १४, सहिद लखन गाउँपालिकाका-१, २ र ३ तथा पालुङ्टार नगरपालिका-३ वडाका गरी आयोजनाले कुल चार सय ४० रोपनी क्षेत्रफल ओगट्ने छ। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनअनुसार आयोजनाले खेतीयोग्य जमिन एक सय २३ रोपनी, दुई सय ९२ रोपनी बगर क्षेत्र, ३८ रोपनी स्थायी तथा अस्थायी जमिन र १७ रोपनी सामुदायिक वन क्षेत्रफल ओगट्ने छ । "आयोजनाको मुख्य संरचना गोरखा-आँबुखैरेनी सडकखण्डको पहुँच क्षेत्रमा रहनेछ", आयोजनाका इन्जिनियर अनिल नेपालले भन्नुभयो, "अर्धजलासययुक्त आयोजनाको जलाधार क्षेत्र पाँच सय ३६ दशमलव ५४ वर्गकिलोमिटर रहने छ।" कम्पनीले आयोजना निर्माणस्थल र प्रभावित क्षेत्रका बासिन्दाको धारणा बुझेर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई अन्तिम रूप दिन सार्वजनिक सुनुवाइ कार्यक्रम गरी राय सुझावसमेत सङ्कलन गरिसकेको छ । स्थानीयवासीले आफूहरूलाई आयोजनामा सहभागी गराउनुपर्ने, जग्गा अधिग्रहण गर्दा उचित मुआब्जा दिनुपर्ने, स्थानीयलाई रोजगारी सुनिश्चित गर्नुपर्ने, डुबान तथा प्रभावित क्षेत्रका बासिन्दालाई आयोजनाको सेयर उपलब्ध गराउनुपर्नेलगायतका माग सार्वजनिक सुनवाइका क्रममा गरेका थिए । प्रभावित क्षेत्रका बासिन्दाको राय सुझाव थप गरेर अब वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवदेन स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पेस गरिने र मन्त्रालयबाट स्वीकृति प्रदान भएलगत्तै विद्युत् उत्पादन अनुमतिका लागि विद्युत् विभागमा निवदेन दिएर तत्काल काम अघि बढाउने कम्पनीका सञ्चालक बलराम केसीले जानकारी दिनुभयो । विभागबाट अनुमति पाएपछि आगामी माघ पहिलो सातादेखि आयोजनाको संरचना निर्माणका काम थाल्ने योजना रहेको कम्पनीले जनाएको छ । आयोजना निर्माण सुरु भएको साढे दुई वर्षभित्रमा विद्युत् उत्पादन गर्ने कम्पनीको लक्ष्य छ।

# एसओएस गण्डकीमा मनाइयो ५९ औँ बालदिवस

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

एसओएस हरमन माइनर गण्डकीमा ५९ औँ राष्ट्रिय बालदिवस मनाइएको छ। विद्यालयको प्राङ्गणमा आयोजित एक विशेष समारोहका बीचमा उक्त दिवस मनाइएको हो । गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशीला सिम्खडाको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रमको सभापतित्व विद्यालयमा क्रियाशील एसओएस हर्मन बाल क्लबकी अध्यक्ष नीलिमा पौडेलले गरेकी थिइन्।

बालदिवसका उपलक्ष्यमा विद्यार्थीहरूमा अन्तर्निहित अतिरिक्त क्षमता उजागर गर्ने उद्देश्यले प्रतिभा प्रस्फुटन कार्यक्रम आयोजना गरिएको थियो । प्रतियोगितात्मक र अप्रतियोगितात्मक गरी कार्यक्रम दुई चरणमा विभाजन गरिएको थियो । कक्षा नर्सरीदेखि दुईसम्म अप्रतियोगितात्मक तथा कक्षा तीनदेखि माथि प्रतियोगितात्मक कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा विद्यालयका बालबालिकाहरूले एकल तथा सामूहिक गायन, नृत्य, अभिनय, नाटिका आदिजस्ता कलाप्रस्तुतिहरू प्रदर्शन गरे । विद्यार्थीहरूद्वारा प्रस्तुत प्रतियोगितात्मक साङ्गीतिक प्रस्तुतिको मूल्याङ्कन सङ्गीतज्ञ परबिन्दर सिंह तथा हिमाली सांस्कृतिक परिवार पोखराका वरिष्ठ नृत्यकारद्वय सङ्गीता आले र विक्रम थापाले गरेका थिए । कार्यक्रमका विजयी प्रतियोगीहरूलाई प्रमुख अतिथि सुशीला सिम्खडा, एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीद्वारा पुरस्कार तथा प्रमाणपत्र प्रदान गरियो । उक्त समारोहमा विद्यालयद्वारा आयोजित अन्तर ाष्ट्रिय बालविकास कार्यक्रममा सहभागी अभिभावक, सहजकर्ता तथा निःशुल्क स्वास्थ्य शिविरमा स्वयम्सेवा गर्ने विद्यार्थीहरूलाई समेत प्रमाणपत्र प्रदान गरिएको थियो । बाल दिवस समारोहमा पोखरा महानगरपालिका वडा नं. १५ का वडाध्यक्ष तोरणबहादुर बानियाँ, एसओएस युवालय गण्डकीका निर्देशक बाबुराम बराल, विद्यालयका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन गण्डकी एकाइका अध्यक्ष टीकाराम सुवेदी, एसओएस बालग्राम गण्डकीकी आमा प्रतिनिधि पार्वती पाण्डेलगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो।

प्रमुख अतिथिको आसनबाट बोल्दै गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशीला सिम्खडाले बालबालिकाहरूको आधारभूत अधिकार संरक्षणका लागि सबै पक्ष संवेदनशील हुनुपर्ने बताइन् । उनले जीवनमा असल संस्कार सिक्नका लागि विद्यार्थी जीवन अत्यन्तै महत्त्वपूर्ण समय भएकाले यस समयमा सबै पक्षले आवश्यक सतर्कता अपनाउनुपर्ने धारणा राखिन् । बालबालिकाको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण योगदान दिँदै आइरहेको एसओएसको आवश्यकता सम्बोधन हुने गरी आगामी दिनमा प्रदेश सरकारले यथाशक्य सहयोग गर्ने प्रतिबद्धता पनि मन्त्री सिम्खडाले व्यक्त गरिन् । एसओएस स्कुलको कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरू प्रेरिका बराल, अञ्जु अधिकारी, आसिका बराल र रबिना लामिछानेले उक्त कार्यक्रम सञ्चालन गरेका थिए।

# एसियाली खेलकुदमा आत्मविश्वासी खेलाडी

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

एशिया महादेशको सर्वोच्च प्रतियोगिता हो, एसियाली खेलकुद । यसलाई एसियाड पनि भन्ने गरिन्छ । छिमेकी मुलुक चीनको हाङझावमा आगामी असोज ६ देखि २१ गतेसम्म एसियाडको १९ औँ संस्करण हुँदैछ।

यसपटकको एसियाडमा नेपालले २९ खेलमा भाग लिएको उक्त प्रतियोगितामा एक सय २७ महिला र एक सय २६ पुरुष गरी दुई सय ५३ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताका लागि बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई सरकारले बिहीबार औपचारिक बिदाइसमेत गरेको छ। प्रतियोगिताका लागि पोखरामा चार खेलको बन्द प्रशिक्षण सञ्चालन भयो भने अन्य खेलका लागि राजधानी काठमाडौँ तथा देश बाहिर पनि प्रशिक्षण गरिएको थियो। महिला ह्याण्डबल, पुरुष रग्बी, आर्चरी र भारत्तोलन खेलका खेलाडीले पोखरामा दुई महिना प्रशिक्षण गरेका हुन् । प्रतियोगिताका लागि नेपाली खेलाडी उत्साहित र आत्मविश्वासी देखिएका छन् । नेपालले सुरुआतदेखिनै उक्त प्रतियोगितामा सहभागिता जनाउँदै आएकाले खेलाडीका लागि प्रतियोगिता नौलो रहेन। एशिया महादेशका ठूला र सम्पन्न राष्ट्रबीचको प्रतिस्पर्धामा नेपालले त्यति ठूलो सफलताको आस नगरेपनि विगतका तुलनामा राम्रो गर्नेमा खेलाडी आशावादी छन्। प्रदर्शन सुधार हुने र बलियो चुनौती पेश गरिनेमा खेलाडी दृढ छन्। विगतको भन्दा केही राम्रो गर्नेमा उनीहरू विश्वस्त देखिएका हुन् । नेपालले प्रतियोगितामा अहिलेसम्म स्वर्ण पदक जित्न नसके पनि रजत र कास्य पदकमा सीमित हुँदै आएको छ।

नेपाली महिला ह्याण्डबल टोलीका उपकप्तान उमा राईले एसियाडका लागि टोलीका सबै सदस्य उत्साहित रहेको बताउनुभयो । महिला ह्याण्डबलले पहिलोपटक एसियाडमा 'डेब्यु' गर्दैछ। पदकको सपना देखेर खेलाडी मैदानमा उत्रिने उहाँको भनाइ थियो । प्रतियोगिता पदकका लागि हुने भए पनि पहिलो सहभागिता र अन्य देश बलियो रहेकाले आफूहरूले सक्दो मिहिनेत गरेर राम्रो प्रदर्शन गर्ने उपकप्तान राईले जानकारी दिनुभयो । "मेडल ल्याउने कोसिस गर्नेछौँ, नसके पनि प्रदर्शन राम्रो गर्दै राम्रो स्थान हासिल गर्नेछौँ। सबै जनाले आफ्नो तर्फबाट कोसिस गरेर राम्रो परिणाम ल्याउनेमा आशा गरेका छौँ", उहाँले भन्नुभयो। कतिपय खेलाडीले यस प्रतियोगितालाई ओलम्पिकसँग समेत तुलना गरेका छन् । ओलम्पिकका कतिपय खेलमा एशियाली मुलुकले उपाधि जितेकाले त्यही स्तरको देशसँग एसियाडमा खेल्न पाउँदा ओलम्पिकमा प्रतिस्पर्धा गरेको अनुभूति हुने आर्चरीका खेलाडी योगेन्द्र शेरचनले बताउनुभयो। उहाँ एसियाडमा आर्चरीको 'कम्पाउण्ड' विधामा प्रतिस्पर्धा गर्दै हुनुहुन्छ । यसपटकको लक्ष्य सेमिफाइनलमा स्थान बनाउने र पदक पनि जित्ने रहेको शेरचनको भनाइ थियो । उहाँले भन्नुभयो, "ओलम्पिकमा एशियाली देशनै सेमिफाइनल पुग्ने गरेकाले एसियाडमा पनि ओलम्पिकजस्तै लागेको छ । हामीले प्रतियोगितामा कडा मिहिनेत गर्नेछौँ, खेलप्रेमी नेपालीलाई खुसी बनाउनेछौँ ।" महिला राष्ट्रिय ह्याण्डबल टोलीका प्रशिक्षक विन्दा थापाले आफ्नो टोलीका सबै खेलाडी एशियाडका लागि उत्साहित रहेको उल्लेख गर्नुभयो । पोखराका दुई महिना लामो बन्द प्रशिक्षणले उत्साह थपेको उहाँको भनाइ थियो।

महिला ह्याण्डबल टोलीलाई बिहीबार पोखराबाट बिदाइ गरिएको थियो । प्रतियोगिताका लागि टोली काठमाडौँ प्रस्थान गरेको छ। प्रतियोगितामा पहिलो पटकको सहभागिताले खेलाडी उत्साहित भएको र नेपाली महिला ह्याण्डबल अन्तर्राष्ट्रिय खेलकुदमा प्रवेश गर्नु ठूलो अवसर रहेको प्रशिक्षक थापाको भनाइ थियो। "एसियाडका लागि हाम्रो सम्पूर्ण टोली उत्साहित छ। सबैले राम्रो गर्ने सङ्कल्प गरेकाले आशा गरौँ, हामीले सबैलाई खुसी दिन सफल हुनेछौँ।"


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## नेपाल एसबिआई बैंक लिमिटेडको सृजनाचोक शाखा स्थानान्तरण सम्बन्धी सूचना

यस नेपाल एसबिआई बैंक लि. को हाल कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ८, सृजनाचोकमा सञ्चालनमा रहेको शाखा कार्यालय **मिति २०८० साल असोज महिनाको ७ गतेदेखि कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ८, सभागृहचोक स्थित जय कम्प्लेक्समा** स्थानान्तरण भई बैकिङ सेवा तथा कारोबार संचालन गरिने व्यहोरा यस बैंकका सम्पूर्ण ग्राहक महानुभावहरु तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, उक्त शाखा कार्यालय स्थानान्तरण गर्ने क्रममा यस शाखा कार्यालयमा अवस्थित लकर समेत स्थानान्तरण हुने भएकाले लकर सुविधा उपभोग गर्दै आउनु भएका ग्राहक महानुभावहरुलाई लकरमा कुनै किसिमको टुटफुट हुने सरसामान राख्नु भएको अवस्थामा स्थानान्तरण गर्ने क्रममा सरसामानहरुमा क्षति हुनसक्ने सम्भावना भएको हुँदा शाखा कार्यालय स्थानान्तरण गर्ने उल्लेखित मिति अगावै बैंकको शाखा कार्यालयमा सम्पर्क गरी सो लकरमा भएको सरसामानहरु निकाली सुरक्षित गर्नहुन सूचित गरिन्छ। लकर स्थानान्तरण गर्ने क्रममा कुनै क्षति हुन गएमा बैंक जवाफदेही हुने छैन।
उक्त शाखा स्थानान्तरण कार्यले ग्राहक महानुभावहरुलाई पर्न गएको असुविधाका लागि क्षमाप्रार्थी छौं।

**प्रधान कार्यालय, कमलादी,**
**काठमाण्डौ, नेपाल**
**फोन नं. ०१–४४३५६१३**

**सम्पर्क कार्यालय**
**सृजनाचोक शाखा कार्यालय**
**सम्पर्क नम्बरः ०६१–५७८५१५**

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

# लागुऔषध बिरुद्ध बालबालिकाको सचेतना र्‍याली

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २९ साउन



स्याङजामा विभिन्न कार्यक्रम गरी राष्ट्रिय बालदिवस मनाइएको छ । 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मुल नाराका साथ स्याङ्जाका बालबालिकाले विभिन्न रचनात्मक कार्यक्रम गरी बालदिवस मनाएका हुन् । राष्ट्रिय बालदिवसको अवसरमा वालिङका बालवालिकाले लागुऔषध बिरुद्धको सचेतना र्‍याली सहित प्रशिक्षण गरिएको छ। लागुऔषध प्रयोग गर्नेमा बढी युवायुवतीहरु देखिन थालेपछियसको रोकथामका लागि बालवालिकाहरुले सचेतना र्‍याली निकालेका हुन् । वारियर फ्याम्ली वालिङ स्याङ्जा नामक संस्थाको आयोजनामा राष्ट्रिय बालदिवसको अवसरमा वालिङका सामुदायीक र संस्थागत विद्यालयका विद्यार्थीहरु मार्फत लागुऔषध बिरुद्धको सचेतना अभियान गरिएको हो। लागुऔषध बिरुद्धका प्लेकार्ड सहित बालवालिकाहरुले वालिङ बजारका विभिन्न क्षेत्रको परिक्रमा गरेका थिए । आशा बढाऔं, आत्महत्या रोकौं, म मरेर होइन, गरेर देखाउछु भन्ने जस्ता नारा लिएर बालबालिकाहरुले बजार परिक्रमा गरेका थिए। र्‍याली पछि वालिङ मोडमा गरिएको कोणसभामा वडा प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरिक्षक इकवाल हवारीले लागुऔषध सम्बन्धी नेपालको कानुनी अवस्था र यसबाट हुने प्रभावका बारेमा प्रशिक्षण दिएका थिए । विश्वमै टाउको दुखाईको रुपमा रहेको लागुऔषध सेवन र ओसारपसारले युवापिढीमा समस्या बनाउदै जानथालेको बताए । लागुऔषध ओसार पसार र सेवनमा पछिल्लो समय युवायुवतीहरु बढी देखिन थालेको तथ्याङ्क देखिएकाले यसलाई निर्मुल पार्न सबै एकजुट भएर लाग्नुपर्ने डिएसपी हवारीले बताए । आफ्ना दाई दिदीहरुलाई यस्तो कार्यमा लाग्न नहुने सुझाव दिन समेत बालबालिकाहरुलाई हवारीले सुझाए। लागुऔषध प्रयोगले धेरै युवाहरु दलदलमा फसेकोले अबका भाइबहिनीहरु यस्तो कुलतकाममा नलागुन भन्ने उदेश्य राखेर यो कार्यक्रम आयोजना गरिएको संस्थाका अध्यक्ष बिजय गुरुङ्ले बताए । लागुऔषध सेवन र ओसारपसारमा वालिङका युवाहरु बढी रहेको प्रहरीले अनुमान लगाउदै आएको छ । कानुनले समेत बन्देज गरेको अपराधिक क्रियाकलाप मानिने लागुऔषधलाई पुर्णरुपले न्युनिकरण गर्न सबै लाग्नुपर्ने आयोजकले सुझाएका छन् । लागुऔषध सेवनबाट धेरै युवाहरुको ज्यान गएको र जेलजानु परेको उदाहरण दिदै आयोजकले यस्ता क्रियाकलापलाई समाजबाटै निस्तेज पार्नुपर्नेमा जोड दिएका थिए।

# बेनीमा गोरु नाच प्रदर्शन

पोखरापत्र संवाददाता
बेनी, २९ साउन

म्याग्दीको सदरमुकाम बेनीबजारमा गोरु नाच प्रदर्शन गरिएको छ । आज बजारमा हुने रोपाइँ नाचको जानकारी गराउन मुखियाले गोरुसहित बिहीबार बजार परिक्रमा गरेका हुन् । नेपाल भाषा मंकाखलः अन्तर्गत रहेका युवाको समूह ल्याम्हः पूचःले बर्खेनाचअन्तर्गतको गोरु नाच प्रदर्शन गरेका हुन् । बर्खेनाचअन्तर्गत आज हुने रोपाइँ नाचमा सहभागी हुनका लागि गोरुसहित मुखिया बजार परिक्रमा गर्छन् । मुखियाले क्याप्टेनको खेत रोपाईमा सहभागी हुन रोपाहारलाई आग्रह गर्ने चलन छ । रोपाइँ नाचमा खेत रोपाइँ गर्न गोरु, बाउसे र हली तयारी अवस्थामा रहेको र रोपाहारलाई सहभागी हुनका लागि मुखियाले बजार परिक्रमा गरेर जानकारी गराउने चलन रहेको ल्याम्हः पूचःका सदस्य सज्जन श्रेष्ठले बताउनुभयो । गोरुसहित मुखिया बजारको चोक-चोकबाट टोलवासीलाई रोपाईमा सहभागी हुन सूचना गर्छन् भने सहभागी नहुनेलाई जरिवाना गर्ने आदेश हुन्छ । हरेक वर्षको नागपञ्चमीका दिनदेखि सुरु गरेर हरितालिका तीज पर्वसम्म देखाइने बर्खेनाचअन्तर्गत बेनी बजारमा लाखेनाच, घोडानाच, गाईजात्रा सपाह, श्रीकृष्ण रथयात्रा, गोरुनाच देखाइएको छ भने रोपाइँ नाच र धानको बाला नाच देखाउने तयारी गरिएको छ।

# दलित समुदायले उत्पादन गरेको दूध बिक्री गर्न गाह्रो

पोखरापत्र संवाददाता
बागलुङ, २९ साउन

बागलुङका काठेखोला गाउँपालिका-२ भीमपोखरा सिमका चन्द्रबहादुर विकले दुई दशकदेखि दूध उत्पादन गर्दै आउनुभएको छ। उहाँले दूध उत्पादन गरे पनि बिक्री हुँदैन । छिमेकी ब्राह्मण, क्षेत्री र मगर समुदायको दूध सहकारी तथा दूध डेरीले खरिद गरे पनि विकले उत्पादन गरेको दूध कसैले किन्दैनन् ।

सिम गाउँमा रहेका सात दलित परिवारले दैनिक ४० लिटरभन्दा बढी दूध उत्पादन गर्दै आए पनि बिक्री नहुँदा निराश बनेका छन् । गाउँमै दुग्ध सहकारी भए पनि दलितले उत्पादन गरेको भनेर सहकारीले लिन नमानेको उनीहरूको गुनासो छ।

दूध बिक्री नभएपछि दलित समुदायका किसानले घीउ बनाउँदै आएको चन्द्रबहादुरले बताउनुभयो। दैनिक १० लिटर दूध उत्पादन गर्ने गरेको बताउँदै उहाँले बिक्री नहुँदा घर खर्च चलाउन गाह्रो हुने गरेको भन्नुभयो । चन्द्रबहादुरले छिमेकीले दूध बेचेर वार्षिक लाखौं कमाउने गरे पनि आफूहरूको दूध बिक्री नहुँदा आम्दानी गर्न नसकेको दुखेसो पोख्नुभयो । जातीय छुवाछुत र विभेदकै कारण आफूहरूले उत्पादन गरेको दूध बिक्री नभएको उहाँको भनाइ थियो । "दलित समुदायले उत्पादन गरेको दूध बिक्री नहुँदा धेरैलाई दुःखी बनाएको छ, गाउँबाट दिनदिनै अरुले उत्पादन गरेको सयौं लिटर दूध बिक्री हुन्छ", विकले भन्नुभयो, "यहाँ हामी सात घर परिवार छौं । सबैले पाँच/१० लिटर दुध दैनिक उत्पादन गर्छन् । उत्पादन भएको आधा दूध बिक्री भए पनि छोराछोरीलाई कापी कलमको खर्च हुन्थ्यो । नुन, चामल खाने पैसा हुन्थ्यो, हाम्रो समस्या कसलाई सुनाउने ?"

गाउँमा आफूहरूले उत्पादन गरेको दूध अरूको सँग मिसाउँदा गाडी दुर्घटना हुन्छ भन्ने गरेको उहाँले सुनाउनुभयो। दलित समुदायलाई भेदभाव गरेर सहकारी र स्थानीयवासीले दूध नकिन्ने उहाँको भनाइ थियो । दूध बिक्री नभएपछि अचेल भैंसीपालन पनि कम गर्न थालेको विकले बताउनुभयो । चन्द्रबहादुर जस्तै बागलुङमा धेरै दलित समुदायका घरपरिवारले उत्पादन गरेका दूध बिक्री हुँदैन। जिल्लामा सञ्चालित दुग्ध सहकारीमा बारम्बार दूध मिसाउनका लागि आवाज उठाउँदा सुनुवाइ नभएको दलित किसानको भनाइ थियो।

दलितहरूले उत्पादन गरेको तरकारी, फलफूल, बाख्रा, कुखुरा लगायतका वस्तुहरू बिक्री हुने गरे पनि दूध बिक्री गर्न मुस्किल पर्ने निसीखोलाका पूर्णबहादुर परियारले बताउनुभयो। सरकारले डेढ दशकअगाडि छुवाछूतमुक्त मुलुक घोषणा गरे पनि अहिलेसम्म दलित समुदायले निकै विभेद खेप्दै आएको उहाँले गुनासो पोख्नुभयो। दूध उत्पादक सहकारी सङ्घ बागलुङका अध्यक्ष दीपकराज गौतमले गाउँ-गाउँबाट सहकारीले सङ्कलन गरेर ल्याएको दूध आफूहरूले बिक्री विदरण गर्दै आएको बताउनुभयो । गाउँबाट सहकारी संस्थाहरूले क-कसको दूध ल्याउँछन् भन्ने जानकारी नभएको भन्दै सबै समुदायको दूध आफूहरूले बिक्री गर्दै आएको उहाँको भनाइ थियो । दूध उत्पादन, प्रशोधन र बजारीकरण गर्दै आएको सङ्घले कसैलाई विभेद नगर्ने अध्यक्ष गौतमले बताउनुभयो । उहाँका अनुसार दुग्ध उत्पादक सङ्घमा हाल १४ दुग्ध सहकारी संस्था आबद्ध रहेका छन् । दैनिक दुई हजार पाँच सय लिटर दूध बिक्री वितरण हुने गरेको र सङ्घमा झन्डै एक हजार पाँच सय कृषक आबद्ध रहेको गौतमले जानकारी दिनुभयो । सहकारीले अहिले काठेखोला गाउँपालिका, बागलुङ र जैमिनी नगरपालिकाका कृषकले उत्पादन गरेको दूध सङ्कलन गर्ने गरेको उहाँले बताउनुभयो । अध्यक्ष गौतमका अनुसार मासिक ६० देखि ८० लाखको कारोबार गर्ने गरेको छ । बिक्री नभएको दूधबाट दही, पनिर, छुर्पी लगायतका परिकार बनाई बिक्री वितरण गर्ने गरेको उहाँको भनाइ छ । अध्यक्ष गौतम भन्नुभयो, "हामीले सबैको दूध राख्छौं, गाउँ-गाउँका सहकारी संस्थाले क-कसको दूध ल्याउँछन्, त्यो हामीलाई थाहा हुँदैन, हाम्रो सहकारी सङ्घमा आबद्ध भएका जनसुकै किसानको दूध हामीले ल्याउँछौं, बजारका उपभोक्ताले माग गरेको सबै ठाउँमा पुऱ्याउँछौं, बिक्री वितरण गरेर बाँकी रहेको दूधलाई प्रशोधन गरेर विभिन्न परिकार बनाउने गरेका छौं ।"

बागलुङमा सबैभन्दा बढी दूध उत्पादन काठेखोला गाउँपालिकाका साथै बागलुङ र जैमिनी नगरपालिकामा हुने गरेको छ।

# हिमताल खोजी गर्दै स्थानीय गाउँपालिका

पोखरापत्र संवाददाता
मनाङ, २९ साउन

यहाँको केही स्थानीय पालिकाले आफ्नो आन्तरिक आयबाट जिल्लामा भएका हिमतालको खोजी गर्ने योजना बनाएका छन् ।

चामेस्थित चामे गाउँपालिका-४ लमजुङ हिमालको फेदीमा सिङ्गरखर्क नजिक अवस्थित सिङ्गर ताल (काजिनसरा) भेटिएको थियो । ताल भेटिएपछि विसं २०७६ असोज १० देखि १४ गतेसम्म चामे गाउँपालिकाले सिङ्गर तालको प्रचारप्रचारका लागिकार्यक्रमगरेकोथियो।तालको प्रवर्द्धन गर्न चामे गाउँपालिकाको नेतृत्वमा नेपाल पत्रकार महासङ्घ मनाङ, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्थानीयवासीको संलग्नतामा ताल नजिक कार्यक्रम गरिएको थियो।

गुगलको जिपिएस (ग्लोबल पोजिसनिङ सिस्टम)का अनुसार समुद्री सतहबाट पाँच हजार सात मिटर उचाइमा सिङ्गर (काजिनसारा) ताल रहेको छ। चामेबाट लमजुङ हिमालको बेसक्याम्प हुँदै करिब पाँच घण्टामा यस तालमा पुग्न सकिन्छ। यहाँको प्रवर्द्धनका लागि गाउँपालिकाले ठाउँठाउँमा बस्ने स्थान, विभिन्न स्थानमा शौचालय निर्माण, फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइड निर्माण गरेको छ। यसले पर्यटकलाई सहज रूपमा तालसम्म पुग्न सहयोग पुऱ्याउनेछ। तालसम्म पुग्नका लागि पालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय (एक्याप) मनाङले ठाउँठाउँमा बाटो चिनाउने साइनबोर्ड राखेको गाउँपालिकाका अध्यक्ष लोकेन्द्र घलेले जानकारी दिनुभयो । उहाँका अनुसार यस तालको प्रवर्द्धनका लागि बर्सेनि तालमै पुगेर कार्य गर्दै आएको छ । उहाँले भन्नुभयो, "तालको मापदण्ड निर्धारण गर्नका लागि सरकारसमक्ष प्रस्तावना पेस गरिएको छ, यस्ता पर्यटकीय क्षेत्रको विकासमा सरकारले सहज रूपमा छिटो प्राविधिक तथा सामग्री उपलब्ध गराई प्रवर्द्धन गर्नतर्फ ध्यान दिनुपर्छ ।" पर्यटकलाई तालसम्म पुग्न सहज होस् भनेर पदमार्ग निर्माण गरिएको उहाँले बताउनुभयो । यस्तै मनाङ अन्य पालिकामा पनि हिमताल रहेका छन् । यी तालको समेत मापदण्ड र उचाइ मापन गरी प्रवर्द्धनमा लाग्नुपर्ने अवस्था रहेको छ। मनाङ डिस्याङ गाउँपालिका-९ खाङ्सारस्थित मुन लेक र हिदम लेक भेटिएको वडाध्यक्ष चोल्पा गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार मुन लेक समुद्री सतहबाट पाँच हजार ८० मिटर उचाइमा रहेको छ भने हिदम लेक पाँच हजार तीन सय मिटर उचाइमा रहेको छ । यस ताल जान खाङ्सार गाउँबाट पुनारा बस्ती हुँदै करिब तीन घण्टामा मुन लेक पुग्न सकिन्छ । यस्तै मुन लेकबाट तीनदेखि चार घण्टाको दूरीमा हिदम लेक रहेको छ । यी ताल हुँदै तिलिचो तालसम्म पुग्न पदमार्ग गर्नुपर्ने निर्माण गर्नु आवश्यक देखिन्छ । यी तालबाट तिलिचोसम्म पदमार्ग निर्माण गरिएमा पर्यटक एकै बाटोमार्फत तीनवटै ताल एकैसाथ घुम्न सकिने वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मुन लेकसम्म जाने बाटोमा साइनबोर्ड राखिएको छ, यसलाई अन्य ताल तथा तिलिचो तालसम्म एउटै बाटोमा जोडी प्रवर्द्धन गर्नेतर्फ स्थानीय सरकारसँगै प्रदेश र सङ्घ सरकारले चासो दिनुपर्ने देखिएको छ, बजेट अभावले स्थानीय सरकारले मात्रै विकास गर्न सक्ने अवस्था छैन, जसले गर्दा सहयोग हुनुपर्छ र यो राष्ट्रिय आय पनि हो ।" अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा जोडिएकाले यहाँको पर्यटकीय क्षेत्रको विकासमा केही मात्रामा एक्यापले सहयोग गरेको छ । तर, आवश्यक मात्रामा भने यहाँका पर्यटकीय क्षेत्रको विकास हुन सकेको छैन । मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले मनाङमा धेरै हिमताल रहे पनि यहाँ भएका तालको मापन गर्न पालिकाले नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "प्राकृतिक रूपमा नै रहेका यहाँका हिमतालसम्म पुग्न सहज छैन, पालिकाको बजेटले अपुग हुन्छ, यस्ता राष्ट्रिय गौरवका प्राकृतिक तालको खोज अनुसन्धानमा सहयोग गर्नुपर्ने हो ।" केही बजेट विनियोजन गरी खोज्ने प्रयास हामीले गरेको भए पनि आवश्यक मात्रामा गर्न नसकिएको उहाँले बताउनुभयो ।

यहाँका विभिन्न क्षेत्रमा अवस्थित ताल, कुण्डको संरक्षण र विकास गर्न आवश्यक रहेको छ। तर, यहाँका ताल, कुण्ड तथा प्राकृतिक क्षेत्रको खोजी गर्न सङ्घ सरकारले चासो दिनुपर्ने हुन्छ । प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले यहाँ भेटिएका ताल वा कुण्ड के हुन् त्यसको मापन गर्न पहल गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ देखिएका, भेटिएका ताल, कुण्डका रूपमा क्याटागोराइज गर्नुपर्ने अवस्था छ, यसमा समन्वयको भूमिकामा रहनेछु ।"

समुद्री सतहबाट पाँच हजार मिटर उचाइमाथि वा अझ बढी उचाइमा ताल हुन सक्ने सम्भावना रहेको छ । गौरवका रूपमा रहेका यस्ता प्राकृतिक क्षेत्रको खोज तथा अनुसन्धान गरी प्रचारप्रसार गर्न सके देशको आयवृद्धिसँगै पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ । यी तीनवटा ताल मापदण्ड पूरा भएको तिलिचो ताल (४९१९ मि.)भन्दा बढी उचाइमा रहेका छन् । यस्ता तालको मापन गरी प्रवर्द्धन गर्नु आवश्यक छ।

# सिंगामा चिस्यान गृह निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २९ भदौ

म्याग्दीको बेनी नगरपालिका-४ सिंगामा चिस्यान गृह निर्माण गरिएको छ । कृषिउपज सङ्कलन, भण्डारण र व्यवस्थापनका लागि बेनी नगरपालिकाले शीतभण्डार निर्माण गरेको हो।

सिंगामा तीन सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि गत आर्थिक वर्षमा रु एक करोड ९० लाख विनियोजन गरिएको थियो।

चिस्यान गृह निर्माणका लागि रु एक करोड ८३ लाख ४४ हजार तीन सय ७२ लागत अनुमान गरिएकामा राजेशबाबु निर्माण सेवाले रु एक करोड ५१ लख २० हजार सात सय ३८ मा निर्माण गर्ने गरी २०७९ फागुन तेस्रो साता ठेक्का सम्झौता गरेको थियो । गत असारमा यसका लागि तीन महिना म्याद थपिएको थियो । बेनी नगरपालिका-४ का वडाध्यक्ष अणबहादुर खड्का (भगवान)ले चिस्यान गृह निर्माण र उपकरण जडानको काम सकिएको जानकारी दिनुभयो । "चिस्यान गृहको पूर्वाधार निर्माण र उपकरण जडान गरेर परीक्षण थालिएको छ", उहाँले भन्नुभयो, "परीक्षण सफल र हस्तान्तरण भएपछि चिस्यान गृह सञ्चालन गर्ने तयारी गरेका छौं ।" सो चिस्यान गृहको क्षमता तीन सय मेट्रिकटन रहेको छ । नगरपालिका र म्याग्दीका अन्य पालिकामा उत्पादन हुने कृषिजन्य उत्पादनको उचित व्यवस्थापनमा कोल्ड स्टोर सहयोगी बन्ने अपेक्षा गरिएको छ। तीन वर्षअघि बेनी नगरपालिकालाई चिस्यान गृह बनाउन सङ्घीय सरकारबाट बजेट विनियोजन भए पनि स्थान छनोट हुन नसकेपछि कार्यान्वयन हुन सकेको थिएन। चिस्यान गृह बनेपछि सुन्तला, आलुलगायत कृषि उपज भण्डारण गरेर बेमौसममा बजारमा आपूर्ति गराउन र बढी मूल्य पाउन सकिने कृषकको अपेक्षा छ । यसैगरी रघुगङ्गा गाउँपालिका-५ भिँमा २० मेट्रिकटन र वडा नम्बर २स्थित भगवतीमा २५ मेट्रिकटन क्षमताको चिस्यान गृह निर्माण भएको छ । भिँमा रु २१ लाख ७८ हजारको लागतमा चिस्यान गृह निर्माण भएको गाउँपालिकाका इन्जिनियर सुदीप गौतमले जानकारी दिनुभयो । भगवतीको चिस्यान गृह बनाउन डोलेश्वर महादेव कन्ट्रक्सन एण्ड सप्लायर्सले करबाहेक रु ७९ लाख ७० हजार ८४ मा ठेक्का सम्झौता गरेको थियो । दुई वटै चिस्यान गृह प्रयोगमा भने आएका छैनन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा बेनी नगरपालिका-९ बियाडामा पाँच हजार किलोग्राम क्षमताको चिस्यान गृह निर्माण भएको छ । यसअघि गत वर्ष अन्नपूर्ण गाउँपालिकाको नारच्याङमा २० हजार किलोग्राम क्षमताको चिस्यानगृह निर्माण भएको थियो।

# बाख्रापालन व्यवसायबाट मनग्य आम्दानी

पोखरापत्र संवाददाता
बागलुङ, २९ साउन

स्याङ्जाको वालिङ नगरपालिका-१४ यायडाँडाका खेमराज खनाल बाख्रा पालन व्यवसायमा रमाउन थाल्नुभएको छ।

सात वर्ष विदेश बसेर फर्कनुभएका उहाँले चार वर्ष अघि गाउँमै खनाल बाख्रा तथा पशुपन्छी फार्म दर्ता गरेर व्यवसाय गर्नुभएको छ। "विदेशमा नेपालीले कम्पनीमा जस्तोसुकै राम्रो काम गरे पनि पूरै कामदारले गाली खानुपरेको देख्दा अत्यन्त दुःख लाग्थ्यो, त्यो समय स्वदेश फर्केर केही गरौं भन्ने हुन्थ्यो", कृषक खनालले भन्नुभयो, "मैले होटलमा काम गर्थे, कोरोनाका कारण होटल बन्दभएपछि कम्पनीले घर पठाइदियो, मलाई पनि के खोज्छस् आँखो भनेजस्तै भयो ।" उहाँले विदेशबाट फर्केपछि पाँच माउँबाट व्यावसायिक बाख्रापालन सुरु गरेको बताउनुभयो । "यता बाख्रापालन व्यवसाय चलिरहेको थियो, कोराना कहरको अन्तिमतिर कम्पनीले बोलायो", उहाँले थप्नुभयो, "भौतिक सुविधा मात्र ठूलो कुरा होइन, परिवारसँग रमाएर व्यवसायमा गर्नु पनि जीवन सुन्दर पक्ष हो भन्ने लागेर विदेश नगएर आफ्नो पेसालाई निरन्तरता दिएँ ।" उहाँले स्थानीय खरी जातका बाख्रा, जमुनापारी क्रस, बोयर क्रस र सानन् क्रस बाख्रा पाल्दै आउनुभएको छ । फार्ममा अहिले साना ठूला करिब ७० वटा बाख्रा रहेका छन् । यहाँ उत्पादित बाख्रा स्थानीय बजारमा खपत हुँदै आएका छन्।

कृषक खनालको व्यवसायबाट हाल १० जनाको परिवार पालिँदै आएको छ। "घरमा राजगारको गतिलो माध्यम छैन त्यसैले परिवारका सबै जना यही बाख्रापालन व्यवसायमा आश्रित हुनुपरेको छ", उहाँले भन्नुभयो, "वार्षिकरूपमा रु तीन/चार लाख आम्दानी हुन्छ यसैबाट परिवारको गर्जो टरेको छ।" उहाँले हालसम्म जिल्ला भेटिनरीबाट खोर सुधार कार्यक्रमअन्तर्गत रु एक लाख र वालिङ नगरपालिका र युएनडिपीको संयुक्त पहलमा कोभिड-१९ प्रतिकार्य परियोजनाअन्तर्गत रु ५० हजार अनुदान पाउनुभएको छ । कृषक खनालसँग स्टिल फिडिङ र एक आधुनिक खोर छ । उहाँले सुपरनेपियर, जैयाँ घाँस, मेन्डुला, राई खनियो, कोइरालोलगायतका घाँस पनि लगाउनुभएको छ ।

उहाँले व्यवसायबाट आफूलाई सन्तुष्टि मिले पनि पहुँचका आधारमा अनुदान वितरण हुँदा दुःख लाग्ने गरेको बताउनुभयो । "बन्द कोठामा कागज मिलाएर अनुदान खाने प्रचलनलाई निरुत्साहित गर्नुपर्छ", उहाँले भन्नुभयो, "अनुदान र सुलभ दरको कर्जा वितरण गर्दा किसानको फार्ममै पुगेर अवलोकन गर्नुपर्छ, वास्तविक किसान हो भने मात्र राज्यले दिएका सुविधा दिनुपर्छ ।" उहाँले पशुपन्छीको निःशुल्क बीमा हुनुपर्ने र किसानले दावी गरेको बीमा रकमसमेत सहज तरिकाले नपाउने गरेको दुखेसो पोख्नुभयो । उहाँलाई ३० वर्षीया श्रीमती चुना, ३२ वर्षीय भाइ खिमप्रसाद, ७६ वर्षीया आमा धनकुमारीले व्यवसायमा सहयोग गर्दै आउनुभएको छ । उहाँले घाँस, बीउबिजन, उपचार, हेरचाहलगायतका तालिमको व्यवस्था गरिदिन सरकारसँग आग्रह गर्नुभयो। खनालले आफ्नो फार्मलाई अध्यन अवलोकनको थलो बनाउने उद्देश्यसहित काम अगाडि बढाएको दाबी गर्नुभयो।